BRITISH COUNCIL

प्रेस विज्ञप्ति
१४ माघ २०७६ (२८ जनवरी २०२०)

## शैक्षिक विचारगोष्ठी २०२० (बि.सं. २०७६)

ब्रिटिश काउन्सिल नेपालले २०७६ माघ १४ गतेका दिन (सन् २०२० जनवरी २८) यसको तेस्रो वार्षिक शैक्षिक विचारगोष्ठीको आयोजना गऱ्यो । यस वर्षको कार्यक्रमको शीर्षक **समावेशी शिक्षा** रहेको थियो । यस कार्यक्रमको लक्ष्य भनेको नीति निर्माताहरू, योजनाकारहरू, प्रशासकहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, अनुसन्धानकर्ताहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्र तथा विकास साझेदारहरू सबैलाई एउटै मञ्चमा ल्याएर नेपाल, दक्षिण एसिया र बेलायतको परिवेशमा समावेशी शिक्षाका सम्बन्धमा रहेका विभिन्न दृष्टिकोणहरू साझा गर्नु र समावेशी शिक्षासँग सम्बन्धित सवालहरूमा छलफल गर्नु रहेको थियो ।

समावेशी अन्तर्गत नीतिगत, शैक्षिक संस्कृति र कक्षाकोठा अभ्यासमा एकीकृत कार्यविधि पर्दछन् र समावेशीसम्बन्धी असल अभ्यास एक निरन्तर प्रक्रिया हो भन्ने कुरामा ब्रिटिश काउन्सिल विश्वास गर्दछ । विभिन्न मुलुकहरूले आफ्नो शिक्षा प्रणालीहरूलाई समावेशी बनाउने सम्बन्धमा सामना गर्नुपरेका धेरै सवालहरूमध्ये धेरैले पहुँच, सहभागिता, सशक्तीकरण र सबलीकरण प्रमुख सवालहरू रहेको बताएका छन् ।

यस कार्यक्रमको उद्देश्यहरूमा :

- ब्रिटिश काउन्सिल र अन्य शिक्षा सरोकारवालाहरूको लागि समावेशी शिक्षासँग सम्बन्धित अनुसन्धान तथा परियोजनाहरूबाट प्रमाणहरू प्रस्तुत गर्न एक मञ्चको निर्माण गर्ने ।
- नेपाल र दक्षिण एसियामा समावेशी शिक्षा नीतिहरूको विकास र कार्यान्वयनमा रहेका सवालहरू तथा चुनौतीहरूको बारेमा सुसूचित छलफललाई सहजीकरण गर्ने ।
- समावेशी शिक्षाका लागि सञ्जाल विस्तार, जानकारी आदानप्रदान र रचनात्मक संवादको लागि अवसरहरू प्रदान गर्ने ।

***शिक्षा तथा मानव संशाधन विकास केन्द्रका उपमहानिर्देशक विष्णु कुमार अधिकारीले उक्त विचारगोष्ठीमा भन्नुभयो :*** *"नेपालमा सकरात्मक परिवर्तनहरूको पहलमा समावेशी शिक्षा प्रमुख माध्यम बन्न सक्नेछ । नेपालमा समावेशीसँग सम्बन्धित शिक्षा नीतिहरू छन् तर हाम्रो विद्यालयहरूमा समावेशी शिक्षण अभ्यासहरू प्रभावकारी प्रवर्द्धनको सुनिश्चित गर्न ती नीतिहरू अझैपनि पूर्ण कार्यान्वयन हुन बाँकी छन् ।"*

***नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले भन्नुभयो :*** *"समावेशी शिक्षाले समावेशी समाज निर्माणको लागि इँटा थप्ने कार्य गर्दछ । नेपालको समग्र विकासको लागि सीमान्तकृत समुदायहरूको लागि शिक्षा तथा अवसरहरूमा पहुँच वृद्धि गर्नु जरुरी छ । शिक्षामा समावेशी योजना राखेर कार्यान्वयन गर्न म सबैलाई प्रेरित र सहयोग गर्न चाहन्छु ।"*

***ब्रिटिश काउन्सिल नेपालका कन्ट्री डाइरेक्टर जोभान इलिकले भन्नुभयो :*** *"ब्रिटिश काउन्सिलमा हामीले गर्ने सबै कार्यहरूको केन्द्रमा समानता, विविधता र समावेशी रहने गर्दछ र यी कुराहरू हाम्रो मूल्यहरूसँग प्रत्यक्ष जोडिन्छ । जुनसुकै लिङ्ग, जाति, क्षमता, भाषा, सामाजिक आर्थिक पृष्ठभूमि, स्वास्थ्य वा मेडिकल (शारीरिक तथा मानसिक) अवस्था भएतापनि सबै बालबालिका र युवा मानिसहरूको नियमित शिक्षा प्रणालीमा समावेश हुन पाउनु उनीहरूको हक र मौलिक मानव अधिकार हो । समावेशीलाई सफल र दिगो बनाउन यो एक त्यस्तो अवधारणामा आधारित हुनपर्दछ जुन प्राप्त गर्न सकिने, सशक्तीकरण गर्ने र नेपालको वर्तमान परिवेशको गहन तथा संवेदनशील बुझाइ, यसको समुदाय, विद्यालय, व्यक्ति र शैक्षिक प्रणालीभित्र रहेको*

*हरेक क्षेत्रमा आधारित रहेको हुन्छ । सफल समावेशी अभ्यासहरूलाई यस शैक्षिक प्रणालीभित्र रहेका सबै तहहरूमा परिवर्तन गरेर मात्र सुरक्षित गर्न सकिन्छ ।"*

*"विश्वका १०० भन्दा बढी मुलुकहरूमा कार्यरत रहँदा हामीले समय अन्तरालमा ब्रिटिश काउन्सिलमा सिक्दै आएका कुरा भनेको कसरी विविधताले सिर्जनशीलता, सकारात्मक कार्य संस्कृति, कार्यसम्पादन र समग्र प्रभाव पार्दछ भन्ने हो । विविधताले सबैको लागि, र कुनै पनि संगठन वा संस्थाको लागि कार्यसम्पादनलाई कसरी र किन प्रेरित गर्दछ भन्ने सम्बन्धमा प्रमाणहरू दिनप्रतिदिन वृद्धि हुँदै आएका छन् । तसर्थ, विविधता सर्वप्रथम स्थापना गर्ने सबभन्दा उपयुक्त ठाउँ हाम्रो विद्यालयहरू बाहेक कहाँ हुनसक्दछ ।"*

उक्त अवसरमा ब्रिटिश काउन्सिलले सुजन दुग्लसद्वारा सम्पादित **समावेशी विद्यालय वातावरण निर्माण (Creating an Inclusive School Environment)** शीर्षकको पुस्तकको विमोचन पनि गऱ्यो । यस प्रकाशनले समावेशी शिक्षामा ब्रिटिस काउन्सिलको पहललाई प्रतिनिधित्व गर्दछ । यो प्रकाशन विश्वभरका उत्कृष्ट प्रमाणहरू र अनुसन्धानहरूमा आधारित छ । समावेशी शिक्षाका पहलहरू स्थानीय र विश्व परिवेशमा कसरी सान्दर्भिक छन् भन्ने कुरामा यस पुस्तकले अझ गहन रुपमा प्रस्तुत गर्दछ । यस प्रकाशनलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता डा. दिव्या दवाडीबाट समीक्षा गरिएको छ र उक्त समीक्षा पत्र विचारगोष्ठीमा प्रस्तुत गरिएको थियो ।

यस पुस्तकलाई ब्रिटिश काउन्सिलको वेवसाइट www.britshcouncil.org.np/annual-education-sumposium-2020 बाट पनि डाउनलोड गर्न सकिन्छ ।

## ब्रिटिश काउन्सिलको बारेमा

ब्रिटिश काउन्सिल बेलायतमा प्रमुख कार्यालय रहेको सांस्कृतिक सम्बन्ध तथा शैक्षिक अवसर विस्तारका लागि स्थापित एक अन्तर्राष्ट्रिय संस्था हो । हामी बेलायत र अन्य मुलुकहरूका जनताबीच मैत्रीपूर्ण ज्ञान र बुझाइको विकास गर्छौं । बेलायतको सांस्कृतिक स्रोतहरूको प्रयोग गरी हामीले सहकार्य गर्ने मुलुकहरूमा त्यहाँका जनताहरूका लागि अवसरको सिर्जना, सम्बन्धहरू निर्माण र आपसी सद्भाव एवम् विश्वासको विकासमार्फत जीवन परिवर्तनमा सकरात्मक योगदान गर्छौं ।

हामी कला तथा संस्कृति, अंग्रेजी भाषा, शिक्षा र नागरिक समाजका क्षेत्रमा विश्वभर १०० भन्दा बढी मुलुकहरूसँग कार्य गर्दछौं । हरेक वर्ष हामी २ करोड मानिसमा प्रत्यक्ष र ५० करोड मानिससम्म अनलाइनका प्रकाशन र प्रसारणका माध्यमबाट पुग्दछौं ।

बेलायतको रोयल चार्टर (शाही वडापत्र) र बेलायतको सार्वजनिक निकायअन्तर्गत सन् १९३४ मा स्थापित ब्रिटिश काउन्सिल एक बेलायती परोपकारी/च्यारिटी संस्था हो । ब्रिटिश काउन्सिलको धेरैजसो आय विभिन्न परियोजना, अंग्रेजी शिक्षण एवम् परीक्षा, शैक्षिक एवम् विकाससँग सम्बन्धित अनुबन्धका कार्यक्रम र सार्वजनिक-निजी संस्थाहरूसँगको साझेदारीबाट आर्जन हुने गर्दछ । ब्रिटिश काउन्सिलको समग्र वित्तीय लगानीको १८ प्रतिशत हिस्सा बेलायत सरकारबाट प्राप्त हुनेगर्छ । ब्रिटिश काउन्सिल नेपालको बारेमा थप जानकारीका www.britishcouncil.org.np मा पाउन सकिन्छ ।

परियोजना बारेमा थप जानकारीका लागि सम्पर्क :


| | |
|---|---|
| भोगेन्द्र लामिछाने<br>कार्यक्रम म्यानेजर (अंग्रेजी भाषा)<br>+977 9851169062<br>bhogenra.lamichhane@britishcouncil.org.np | सुचिता श्रेष्ठ<br>कम्युनिकेसन म्यानेजर<br>+977 9851113796<br>suchita.shrestha@britishcouncil.org.np |